नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८१/०६/१४ गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमनका लागि तीन वटा अनुगमन टोली खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.स. | मिति | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारवाही/कैफियत |
|---|---|---|---|---|
| १ | २०८१/०६/१४ | सरन मिनरल वाटर एण्ड वेभेरज प्रा.लि., टोखा-८ | अनुमतिपत्र नवीकरण नभएको, सरसफाईमा कमी रहेको, प्रशोधन कक्ष अव्यवस्थित रहेको। | निरीक्षणका क्रममा देखिएका कमजोरी सुधार गर्न र प्रशोधित पिउने पानीको निर्देशिका २०७४ अवलम्बन गर्न निर्देशन दिएको। |
| २ | २०८१/०६/१४ | रियल माउन्ट एभरेस्ट वेभेरज प्रा.लि., टोखा-८, ग्रिनल्याण्ड, काठमाडौं | सरसफाईमा कमी रहेको र कुचिएको जार प्रयोग गर्ने गरेको। | ७ थान कुचिएको जार नष्ट गरिनुका साथै अभिलेख व्यवस्थित तवरले राख्न निर्देशन दिएको। |
| ३ | २०८१/०६/१४ | सिटि मिनिरल वाटर एण्ड वेभेरज प्रा.लि., टोखा-८, ग्रिनल्याण्ड, काठमाडौं | सरसफाई सन्तोषजनक रहेको। | कुचिएको जार छुट्टै राखेर अभिलेख राख्न निर्देशन दिएको। |
| ४ | २०८१/०६/१४ | ग्रीनल्याण्ड मिनिरल वाटर एण्ड वेभेरज प्रा.लि., टोखा-८, ग्रिनल्याण्ड, काठमाडौं | सरसफाईमा कमी रहेको र कुचिएको जार प्रयोग गर्ने गरेको। | २१ थान कुचिएको जार नष्ट गरिनुका साथै प्रशोधित पिउने पानीको निर्देशिका २०७४ अवलम्बन गर्न निर्देशन दिएको। |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८१/०६/१४ | कालिका रेष्ट्रो एण्ड चमेना गृह, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, काठमाण्डौ | किचनको सरसफाइको अवस्था सन्तोषजनक नरहेको, फ्राइङ्गमा प्रयोग गरेको तेलको टि पि एम भ्यालु ३४ प्रतिशत पाइएको, एक डव्वा हाइड्रो र उपभोग्य मिति समाप्त भएको रंगको डव्वा फेला परेको, तयारि खानेकुराहरु छोपेर नराखेको र फ्रिजर फोहर रहेको। | निरीक्षणका क्रममा कैफियत देखिएका खाद्य पदार्थ नष्ट गरिएको, कैफियत सुधार गरेर, स्वच्छता कायम गरेर मात्र चमेना गृह सन्चालन गर्न र सो को प्रमाण सहित लिखित जानकारी विभागमा गराउन निर्देशन दिइएको। |
| ६ | २०८१/०६/१४ | फेमस समोसा खाजाघर, चन्द्रागिरी-१२ | सरसफाईमा कमी रहेको, Pest Control को व्यवस्था नभएको, खाद्य पदार्थ नछोपी राखेको, किचेन र फ्रिज अव्यवस्थित रहेको। | निरिक्षणका क्रममा देखिएका कमी कमजोरी सुधार गर्न र hydro प्रयोग नगर्न निर्देशन दिएको। |
| ७ | २०८१/०६/१४ | बर्गर किंग एण्ड क्रंची फ्राइड चिकेन, चन्द्रागिरी-१२, गुर्जुधारा | भाडा धुने र खाना बनाउने ठाउँ संगसंगै रहेको, तेलको TPM Value 32 पाइएको र सरसफाईमा कमी रहेको पाइएको। | निरीक्षणका क्रममा कैफियत देखिएको तेल नष्ट गरिनुका साथै अन्य कमी कमजोरी सुधार्न निर्देशन दिएको। |
| ८ | २०८१/०६/१४ | The Burger House and Crunchy Fried Chicken चन्द्रागिरी-१२, गुर्जुधारा | उपभोग्य मिति समाप्त भएको Flavour Concentrate पाइएको, फोहोरदानीमा ढकनी नभएको र फ्रिजको प्रयोग अव्यवस्थित रहेको पाइएको। | उपभोग्य मिति समाप्त भएको Flavour Concentrate नष्ट गरिनुका साथै अन्य कमी कमजोरी सुधार्न निर्देशन दिएको। |
| ९ | २०८१/०६/१४ | क्रिस्पी चिकेन एण्ड पिज्जा हब प्रा.लि., चन्द्रागिरी-११ | फोहोरदानीमा ढकनी नभएको र फ्रिजको प्रयोग अव्यवस्थित रहेको पाइएको तथा उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ पाइएको। | उपभोग्य मिति समाप्त भएको pizza base ३ थान, बन ४ पिस को ६ थान, १ थान पाउरोटी, २ थान चाउमिन र flavor concentrate १ थान नष्ट गरिएको साथै TPM |

| | | | | |
|---|---|---|---|---|
| | | | | Value बढी पाइएको करिब १५ लि., तेल नष्ट गरिएको। |
| १० | २०८१/०६/१४ | निशान मार्ट, चन्द्रागिरी-११ | लेबल विवरण पूरा नभएका खाद्य पदार्थ पाइएको। | लेबल विवरण पूरा नभएका खाद्य पदार्थ विक्री नगर्न निर्देशन दिएको। |
| ११ | २०८१/०६/१४ | बर्गर हाउस एण्ड क्रंची चिकेन हाउस, चन्द्रागिरी-११, सतुंगल | उपभोग्य मिति समाप्त भएको केहि बेकरी खाद्य पदार्थ भेटिएको र सरसफाई सन्तोषजनक नरहेको। | उपभोग्य मिति समाप्त भएका बेकरी खाद्य पदार्थ नष्ट गरिएको। |
| १२ | २०८१/०६/१४ | टावर फुड ल्याण्ड, चन्द्रागिरी-११, सतुंगल | सरसफाईमा कमी रहेको, लेबल विवरण नभएका केहि खाद्य पदार्थ पाइएको, खाद्य पदार्थ नछोपी राखेको, किचेन र फ्रिज अव्यवस्थित रहेको। | निरीक्षणका क्रममा कैफियत देखिएका कमी कमजोरी सुधार्न निर्देशन दिएको। |

मोहन कृष्ण महर्जन

प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

२०८१/०६/१४

ने.स. ११४४ जलागा,१३, सोमवार